जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक ६१ २०८२ साल असोज १३ गते सोमबार (29 Sep 2025 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : यसरी गर्न सकिन्छ दसैंमा ... ३ पृष्ठमा : आन्दोलनकी घाइते लिजाको ... ३ पृष्ठमा : तमिलनाडुमा ...

## एकल महिलाको सहारा बन्दै जुही



**दैनिक समाचारदाता**
**राजविराज, १२ असोज ।**

सप्तरीको राजविराज नगरपालिका ८ की ३२ बर्षीया जुही ठाकुर अहिले समस्या र हिंसामा परेकाहरुलाई सहयोग र न्यायका लागि काम गर्न अग्रसर छिन् । त्यस्ता समस्यामा परेका महिलाहरुको न्याय र सशक्तिकरणका लागि काम गर्ने र अवाज उठाउन उनी लागिपरेकी हुन् ।

जिल्लाको १८ वटै पालिकामा रहेको झण्डै २१ हजार एकल महिलाले सजिलै चिनेको महिला हुन उनी । विगत चार बर्ष देखि एकल महिला तथा पुनर्स्थापना केन्द्र सप्तरी नामक सामाजिक संस्था खोलेर उनी साक्षरता, जागरुकता र सीप संगै सामग्री वितरण अभियान चलाएर एकल महिलाहरुलाई आत्मनिर्भर बनाउने प्रयासमा जुटेकी छिन ।

यसका लागि उनले आफ्नो व्यक्तिगत लगानीका साथै सरकारी कार्यालय, र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाबाट समेत सहयोग जुटाएर एकल महिलालाई सहयोग तथा अभियानलाई तिव्रता र निरन्तरता दिएकी छिन् ।

व्यापार प्रशासनमा स्नातक गरेकी ठाकुर एकल महिलको जीवन स्तरमा सुधार ल्याउन चलाएको अभियान अन्तर्गत अहिले सम्म जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका, कञ्चनरुप नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिका, विष्णुपुर गाउँपालिका, र तिरहुत गाउँपालिकामा एकल महिला समूह नै गठन गरी गतिविधि सञ्चालन गरेकी छिन् । अन्य पालिकाहरुमा समेत समूह गठन प्रकृया अन्तिम चरणमा पुर्याइएको उनी बताउँछिन । यसरी महिलाहरुको सशक्तिकरणको प्रयास गरिरहँदा कुनै-कुनै पालिकाको जनप्रतिनिधिले साथ नदिदा त कतै आफ्नो चरित्र माथि नै कसै कसैले अनर्गल प्रचारवाजी गरेर मनोवल तोडने प्रयासहरु समेत हुने गरेको भन्दै उनले यसका बाबजुद आफु आफ्नो मिशनमा दृढतापुर्वक अघि बढेको बताईन ।

उनको दृढता, उत्साह, यात्रा र एकल महिलालाई संगठित गरी सशक्तिकरण गर्ने प्रयासको उच्च कदर गर्दै सशस्त्र प्रहरी परिवार महिला संघले हालै काठमाडौंमा एक कार्यक्रमको आयोजना गरी "समाज सेवा पुरस्कार २०८२" बाट सम्मान गरेको छ ।

कमाइ गर्ने श्रीमान वितेपछि तथा अन्य विभिन्न कारणले एक्लिएर कष्टकर जिवन विताइरहेकी एकल महिलाको जिवन सहज बनाउन यस्तो अभियान चलाएको उनको कथन छ ।

अभियान अन्तर्गत एकल महिलालाई जागरुक र साक्षर बनाउनुका साथै सामग्री सहित विभिन्न रोजगारी सिर्जनाका लागि सीपमुलक तालिम प्रदान गर्ने गरिएको छ । एकल निरक्षर महिलालाई साक्षर बनाउन उनले आफू र संस्थाकी सहकर्मी मार्फत निशुल्क पढाउने पनि गर्छिन । एनसिइ, एनसिआइपी, पिआइएन, सिएओ, एनजीओ फेडरेशन लगायत दर्जनौं सामाजिक संस्थामा पनि आवद्ध भई उनी बालविवाह न्युनिकरण, दाईजोप्रथा उन्नमुलन, क्षेत्रमा समेत सकृय छिन् ।

अरुको घाउमा मलहम लगाउने यात्रामा निस्केकी उनको आफ्नै पीडा भने कम छैन् । सुरुमा उनको नर्स बन्ने नभए समाजसेवामा सकृय हुने सपना थियो । तर घर परिवार र श्रीमान समेतको साथ नपाउँदा त्यो सपना अधुरै रहयो । "एकातितिर मागे जति दाइजो नल्याएको भन्दै शारिरिक र मानसिक यातना दिन थालियो, अर्कोतिर प्रतिवाद गर्न खोज्दा घर निकालामै परे उनले भनिन्-विगत डेढ दशक देखि घर परिवारबाट छुट्टै बस्न बाध्य भएकी छु ।"

आफूले जस्तै अरु महिलाले पनि यस्तो पीडा भोग्नु नपरोस भन्ने उद्देश्यका साथ अघि बढेको उनको भनाई छ ।

एकलै भएपनि संस्था मार्फत सामाजिक गतिविधि अघि बढाउँदा यात्रामा सहयोगी हातहरु बढदै जाँदा उत्साह पनि बढ्दै गएको उनले सुनाईन् । विद्यार्थी जिवन, विवाहित जिवन र त्यसपछिको प्रतिकूल पारिवारिक माहौलमा पनि आफूलाई समाजसेवामा लाग्नबाट कसैले रोक्न र छेक्न नसकेको उनको कथन छ ।

नर्स बन्ने एउटा सपना अधुरै रहेपनि सामाजिक अभियन्ता बन्ने अर्को सपना भने पुरा भएकोमा गर्व महसुस हुनुका साथै निकै आत्मसन्तुष्टि मिल्ने गरेको उनी सुनाउँछिन् ।

पुर्व मन्त्रि नवलकिशोर साह, जसपा नेता सुमित साह, हनुमाननगर कंकालिनि नगरपालिकाका पुर्व नगरप्रमुख शैलेश साह तथा स्थानिय समाजसेवीले यस क्षेत्रमा लाग्न प्रेरित र प्रोत्साहन गरेको उनको भनाई छ ।

श्रीमान्को मृत्युपछि बेरोजगार भएका हामी जस्ता महिलालाई आर्थिक कठिनाईले सताएका बेला एकल महिला तथा पुनर्स्थापना केन्द्रले चलाएको अभियानले हौसला र बाँच्ने आधार सिर्जना गरिदिएको एकल महिला समुहमा आवद्ध भएकी महिलारुले बताएकी छिन् ।

## बाह्र केजी गाँजासहित दुई महिला पक्राउ

**दैनिक समाचारदाता**
**उदयपुर, १२ असोज ।**

उदयपुरगढी गाउँपालिका-७ स्थित कमानबाट अवैध १२ केजी गाँजासहित दुई महिला पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार पक्राउ पर्नेमा सिरहा लहान नगरपालिका-१७ की ४० वर्षीया अस्मिता राम र अर्की ४५ वर्षीय लीलादेवी राम छन् ।

प्रहरी चौकी नेपालटारका गस्ती टोलीले शनिबार बेलुकी नेपालटारस्थित कमान क्षेत्रमा गस्तीका क्रममा दुई महिला र उनीहरूका साथबाट गाँजासहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी केदारमान दोङले बताए ।

उदयपुरगढीको पहाडी क्षेत्रबाट गाँजा खरिद गरेर सिरहा लहान हुँदै भारततर्फ पैठारी गर्ने लक्षका साथ उनीहरूले गाँजा खरिद गरेर फर्कने क्रममा कमानमा प्रहरी गस्ती टोलीले पक्राउ गरेको उनले बताए । पक्राउ गरिएका दुई महिलालाई शनिबार राति नै जिल्ला प्रहरी कार्यालय उदयपुरमा राखेर अनुसन्धान सुरु गरिएको छ ।

## याडियाको स्कुटर सप्तरीको बजारमा



**दैनिक समाचारदाता**
**राजविराज, १२ असोज ।**

बिजय दशमीको अवसरमा खान इन्टरनेशनलले चिनको प्रख्यात याडिया कम्पनीको इलेक्ट्रिक स्कुटर आइतबारदेखी बजारमा बिक्रि सुरु गरेको छ ।

सप्तरीका लागि याडिया कम्पनीको स्कुटरको आधिकारिक बिक्रेता खान इन्टरनेशनले राजविराजको मुख्य बजार क्षेत्र गजेन्द्र चौकमा आइतबारदेखी बिक्रि सुरु गरेको हो ।

प्रदुषण र आवाजरहित तथा वातावरण मैत्री भएको उक्त स्कुटर चिनको मात्र नभई विश्वकै एक नं. ब्रान्ड भएको बिक्रेता खान इन्टरनेशनलका प्रोपराइटर अनश खानले दाबी गरे ।

विभिन्न मोडेलका स्कुटर ९४ हजारदेखी २ लाख ४५ हजारसम्म मुल्य पर्ने तथा स्मार्ट सुविधा, क्लासिक डिजाईनमा तयार गरिएको प्रोपराइटर खानको भनाई छ । एकपल्ट चार्ज गरे १ सयदेखी १ सय ५० किलोमिटरसम्म सहजै यात्रा गर्न सकिने उनको भनाई छ ।

आइतबार नै एक कार्यक्रमबीच संचालक परिवारका उमर कलिम खानले धार्मिक विधि गरि उद्घाटन गरेका छन् ।

**छाडा पशुचौपायाको संरक्षण गरौं ।**

छाडा पशुचौपायाका कारणले:

- सडक दुर्घटनाको सम्भावना बढ्छ,
- बाली तथा बोटबिरुवामा क्षति पुग्छ,
- मानिस र पशु दुबैको जीवन जोखिममा पर्छ,
- जथाभावी फोहोरमैला बिसर्जन हुँदा रोग फैलिन सक्छ,
- सार्वजनिक शान्ति र सुरक्षामा अवरोध पुग्न सक्छ ।

त्यसैले,

- पशुचौपायालाई घरमा व्यवस्थित तरिकाले राखौं,
- चरन क्षेत्रको व्यवस्थापन गरौं,
- सडकछेउमा पशुचौपाया नछाडौं/छाड्न नदिऔं,
- छाडा पशुचौपायाको नियन्त्रण गरौं ।

नेपाल सरकार
बिज्ञापन बोर्ड

# यसरी गर्न सकिन्छ दसैंमा यातायात व्यवस्थापन

**भीमज्वाला राई**

काठमाडौँ, १२ असोज (रासस)।

दसैँ मनाउन काठमाडौँ छाडेर घर जानेहरुको सङ्ख्या अत्यधिक छ। विद्यालय र सरकारी कार्यालय बिदा भइसकेपछि यो सङ्ख्यामा झन् वृद्धि हुनेछ। घटस्थापनादेखि हालसम्म करिब दुई लाखले काठमाडौँ छाडिसकेका छन् दशमीको दिन असोज १६ गतेसम्म घर फर्किनेहरुको सङ्ख्या करिब २५लाखको हाराहारी हुनेछ। भञ्ज्याङै भञ्ज्याङहरुले घेरिएको काठमाडौँ उपत्यका बाहिरिने करिब दुई दर्जन सडकका नाकामध्ये कलङ्की-नागढुङ्गा नाका, कोटेश्वर-साँगा नाका, बल्खु-दक्षिणकाली नाका, साँखु नाका, टोखा नाका, बालाजु-ककनी नाका, भीमढुङ्गा नाका, सातदोबाटो-चापागाउँ नाका र अन्य छोटो रुटका नाकाहरु हुन्। करिब ३० लाख जनसङ्ख्या रहेको उपत्यकामा बाहिरबाट आएर विभिन्न पेसा, व्यवसाय तथा अध्ययनका लागि बसोबास गर्नेसमेत जोड्दा ६० लाखभन्दा बढिरहेको तथ्यले देखाएको छ।

घर फर्किने आमसर्वसाधारणका लागि पूर्वतर्फ कोशी प्रदेश, बागमती प्रदेशका पहाडी जिल्लाहरु र मधेस प्रदेशका पूर्वीतर्फका केही जिल्लाहरु जोड्ने बिपी राजमार्ग, अरनिको राजमार्ग हुँदै बाहिरिने सवारीसाधन दिवा सेवाहरु करिब दुई हजार ५०० साना मझौला सवारीसाधन छन्, अरनिको राजमार्गमा मात्रै एक हजार ५०० सवारीसाधन छन् त्यस्तै पूर्व चल्ने रात्रि सेवामा करिब चार सय ५० ठूला बसहरु सञ्चालनमा छन्।

दक्षिणतर्फ त्रिभुवन राजपथ, कान्ति लोकमार्ग र फाखेल दक्षिणकाली हुँदै उपत्यका बाहिरिने साना प्रकृतिका सवारीसाधन करिब एक हजार ५०० साना मझौला सवारीसाधनहरु रहेका छन्। यसले हेटौँडा मकवानपुर, बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरीसम्मका जनतालाई सेवा प्रवाह गर्दछ। पश्चिमतर्फ पृथ्वी राजमार्ग भएर पोखरा चल्ने करिब ४०० र मुग्लिङ-नारायणगढ हुँदै महेन्द्रनगरसम्मका रात्रि सेवा ७०० र अन्य साना सवारीसाधन करिब २०० को हाराहारीमा रहेका छन् भने पासाङल्हामु सडकमा सञ्चालित करिब २०० को हाराहारीमा सञ्चालित छन्।

यो तथ्यसँगै सार्वजनिक सवारीसाधन र सानाठूला निजी सवारीसाधनहरुको कुरा गर्ने हो भने प्रत्येक दिन काठमाडौँबाट करिब सात हजार ५०० सवारीसाधन बाहिरिने देखिन्छ। तर, यति सवारीसाधनले मात्रै दसैंको टीकाको दिनसम्म सबै यात्रुहरुलाई घर पठाउन पर्याप्त हुँदैन। अन्य सवारीसाधन थप गर्नुपर्ने हुन्छ। त्यसैको तयारीस्वरुप सरकारले घटस्थापनादेखि देशभरि सवारीसाधन सञ्चालनका लागि रुट पर्मिट (बाटो इजाजतपत्र) खुला गरेको छ। यद्यपि त्यसरी लामो रुटमा गुड्ने सवारीसाधनको यान्त्रिक अवस्था बारे मापदण्ड नतोकिँदा यात्रुको सुरक्षाको प्रश्न गम्भीर हुनसक्नेतर्फ सरोकारवाला सजग हुनुपर्ने अवस्था छ।

**तुइनखोला पहिरोले खाएको एक सय पाँच घण्टा**

यही असोज ३ गते साँझ ६:३० बजेदेखि असोज ९ गते राति १०:३५ मिनेटसम्मको १६८ घण्टाको समय अवधिमा १०५ घण्टा पूर्णतया सवारीसाधन आवागमन बन्द रह्यो। मुख्य नाकामध्येको पृथ्वी राजमार्ग भएर बाहिरिने सडकको मुग्लिङ-नारायणगढ सडकअन्तर्गत तुइनखोला पुल छेउमा असोज ३ गते साँझ ६:३० बजेदेखि पहिरो खसेर आवागमन पूर्ण रुपमा अवरुद्ध भयो। ४५ घण्टापछि असोज ५ गते अपराह्न ४:०० बजे खुल्यो तर पुनःअसोज ७ गते अपराह्न ४:३० बजे सोही स्थानमा पहिरो खसेर यातायात बन्द भयो। लोमो मेहनतपछि असोज ९ गते राति १०:३० बजे पहिरो पन्छाएपछि आवागत पुनःसञ्चालन भएको छ।

**मुख्य सडक नै जोखिममा, सुरक्षित छैनन् वैकल्पिक मार्गहरु**

उपत्यकाबाट बाहिरिने मुख्य नाका नागढुङ्गा मुग्लिङ-नारायणगढ सडकअन्तर्गत तुइनखोला पुल छेउको पहिरोको जोखिम अन्त्य भएको छैन। एक हप्ताबीचमा दुईपटक खसिसकेको पहिरो फेरि कतिबेला खस्छ भन्ने अनुमान गर्न सहज छैन। यो सडकको यात्रा ढुक्कको हुन सकेको छैन। त्यस्तै पूर्वतर्फको लाइफलाइनका रुपमा रहेको सडक खुर्कोट-सिन्धुली सडकसमेत गत वर्षको वर्षाका कारण ध्वस्त छ। काभ्रेको रोशीदेखि नेपालथोकसम्मको सबै सडक जीर्ण बनेको छ। अहिले सवारीसाधन गुडिरहेकै छन् तर अस्थायी रुपमा मर्मत गरिएको खोलाको किनार र अप्ठ्यारो भिरको बाटोबाट जोखिमयुक्त सडकमा यात्रा गर्नुपर्ने बाध्यता छ। अघिल्लो वर्षको जस्तै वर्षा हुने हो भने अहिलेको अस्थायी बाटोमाथि गाडी होइन पानी कुद्ने अवस्था छ।

यस विषयमा ध्यान दिन जरुरी छ। तुइनखोला पुलको पहिरोले सडक अवरुद्ध बनेकाबेला सरकारले वैकल्पिक मार्ग भनेर निम्न सडकबाट यात्रा गर्न जनतालाई सुझाएको थियो। यसमा बुटवल-पोखरा-मुग्लिङ हुँदै आउनुपर्ने सडक रहेको थियो। जुन सडक प्रयोग गर्दा पहाडको साँघुरोबाटो र दूरीका हिसाबले २४७ किलोमिटर लामो रहेको छ। त्यस्तै नवलपुरको गैँडाकोटबाट रामपुर पोखरा र मुग्लिङसम्म २६२ किलोमिटर पार गर्दै काठमाडौँतर्फ जानुपर्ने सडक त्यस्तै हेटौँडाबाट त्रिभुवन राजपथ भएर नौबिसे हुँदै काठमाडौँ जाने १३२ किलोमिटरको साना तथा मझौला सवारीहरु मात्रै गुड्न सक्ने सडक र पहाडी सडक, हेटौँडाबाट भट्टेडाँडा हुँदै ललितपुरको चापागाउँ दोबाटो निस्कने ९५ किलोमिटर दूरीको साना र मझौला सवारी साधन मात्रै यात्रा गर्न सकिने कान्तिराजपथ राजमार्ग र हेटौँडाबाट फाखेल हुँदै बल्खु जोडिने ८२ किलोमिटर दूरीको साना सवारीसाधन मात्रै गुड्न मिल्ने सडक रहेका छन्।

सरकारले यी सडकहरुलाई वैकल्पिक सडक भने पनि सबै सडकहरु विकल्प होइनन्। यी सडकले चाडबाड र विपद्का बेला यात्रुहरुको चाप र सवारी साधनको चापलाई थेग्नसक्ने अवस्था छैन। अधिकांश सडकहरु कृषि सडकहरु हुन् जो उचित मर्मतसम्भारको अभावमा आफैं जीर्ण बनेका छन्।

**नागरिकका दसैँ प्रभावित मजदूरहरुको चुलो प्रभावित**

तुइनखोला पहिरोको साताव्यापी बन्दले त्यस रुट भएर चल्ने ३५ हजार सार्वजनिक सवारी साधनमा यात्रा गर्ने साढे पाँच लाख यात्रुलाई प्रत्येक्ष र सवारीसाधन फसेका कारण सेवा नपाउने अन्य लाखौं यात्रुहरुलाई प्रभावित बनायो। करिब ८५ हजार चालक, सहचालक र परिचालकको चुलोमा प्रत्यक्ष असर पार्‍यो। यातायात श्रमिकहरुको दसैँ खल्लो बनायो। दसैँकै बेलामा कमाएर बैंकको किस्ता तिर्छु भन्ने योजनाले सवारीसाधनको कमाइ हेरेर बसेका व्यवसायी र स्वरोजगारहरुलाई निरास पार्‍यो।

त्यस रुटमा काम गर्ने श्रमिकहरु मात्रै होइन देशैभरिका साढे ११ लाख यातायात श्रमिकहरु प्रभावित बनेका छन्। देशभरिका करिब चार लाख यातायात व्यवसायी मारमा परेका छन्। मनसुनी प्रभावका कारण बाढी, पहिरो र सडकको अवस्थाले मात्रै होइन, भदौ २३ र २४ गतेको राजनीतिक घटनाक्रमले समेत उसैगरी चौतर्फि असर पारेकोछ। सरकार तथा यातायात व्यवसायीहरुको संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले सकेसम्म यात्रामा ननिस्कन् भन्ने सन्देश प्रवाह गरिसकेकाले घर जाने वा यात्रा गर्ने योजनामा परिवर्तन गरिसकेकाले त्यसको असर सर्वत्र देखिने अवस्था छ।

सरकारले तत्काल र दीर्घकालीन योजना बनाएर काम गर्नुपर्छ। तत्काल उपत्यकाबाट बाहिरिने मुख्य सडकहरुका सम्भावित जोखिमहरुको पहिचान गर्नुपर्छ। आइपर्ने विपद्का बेला तत्काल एक्सन गर्ने गरी संयन्त्र निर्माण गर्नुपर्छ। त्यस्ता संयन्त्रहरुलाई चौबिसै घण्टा सजग राख्नु पर्छ। मुख्य सडक र वैकल्पिक सडकहरुको अप्ठ्यारा र जोखिमयुक्त सडकहरुमा सडक मर्मतका उपकरणहरु (लोडर, एस्काभेटरलगायत) परिचालन गरिरहनुपर्दछ। एकतर्फी सडक, साँघुरा सडक, चोक, मोड र पहिरो गएका स्थानहरुमा ट्राफिक प्रहरीहरुलाई तैनाथ गराउनुपर्छ। सडकको अवस्थाबारे जानकारीका लागि सूचना प्रणालीको प्रभावकारी प्रवाह गर्नुपर्छ।

दीर्घकालीन र नियमित कामहरुमा तराई जोड्ने फास्ट ट्र्याकको कामलाई तीव्रता दिँदै चाँडै सम्पन्न गर्नुपर्छ। सरकारले वैकल्पिक भनेका सडकहरु जस्तै फाखेल हुँदै हेटौँडा जोड्ने सडक, चापागाउँ हुँदै भट्टेडाँडा भएर हेटौँडा जोड्ने कान्तिराजपथ, नौबिसे हुँदै हेटौँडा जोड्ने त्रिभुवन राजपथलगायतलाई बिस्तार गर्नुपर्छ। कुलेखानी भीमफेदी सुरुङमार्ग निर्माण गर्नुपर्छ। अघिल्लो वर्ष बाढीले बगाएको बिपी राजमार्गलाई तत्काल निर्माण गर्नुपर्छ। खुर्कोट सिन्धुली सुरुङ मार्ग निर्माण गर्नुपर्छ। नेपाललाई दक्षिण एसियाली मुलुक म्यान्मा, बङ्गलादेश, भारत, पाकिस्तान हुँदै इरानसम्म जोड्ने 'एसियन हाइवे'अन्तर्गत मेची महाकालीसम्मका सडकलाई चाँडो निर्माण सम्पन्न गर्नुपर्छ। मुख्य सहरहरुमा फ्लाइओभर, ओभरपासलगायत सडकलाई चौडा बनाउनुपर्छ।

यातायात मजदुर र व्यवसायीले पनि सार्वजनिक यातायातलाई यात्रुमैत्री बनाउने, सुरक्षित बनाउने, भरपर्दो बनाउने, विश्वसनिय बनाउने र मर्यादित बनाउन चालक, सहचालक, परिचालक, बुकिङ र व्यवसायीले विभिन्न काम गर्न सक्दछन्। जनता सचेत भइसकेका छन्, उहाँहरु हाम्रै सवारीसाधनमा यात्रा गर्ने हुन् तानातान गर्नु सोधीखोजी गर्नु पर्दैन। यस्तो काम हैरानी मात्रै होइन यात्रुहरु माथिको अपराध हो। राज्यद्वारा निर्धारण गरिएकोभन्दा बढी भाडा नलिने, टिकट काट्ने बेलामा भनेकोभन्दा फरक सिटमा राख्ने, सिटको पैसा लिएर टुलमा राखेर यात्रा नगराउने।

यस्ता कार्यहरु कानुनी रुपमा दण्डनीय छन्। भाडा तिरेपछि टिकट पाउने यात्रुको अधिकार हो ख्याल गर्ने र यात्रा गर्ने सबै यात्रुको विवरण राख्ने गर्नुपर्छ।

सडकको अवस्थालाई ध्यान दिने, प्रतिष्पर्धा नगर्ने सुरक्षित यात्रा गर्ने गराउनुपर्छ। प्रस्थान बिन्दुबाट गन्तव्यसम्मको सडकको अवस्थाबारे जानकारी लिएर मात्रै यात्रा तय गर्ने र बाटोमा खाजा खाना तथा आरामका लागि सुरक्षित स्थानको पहिचान गरेर मात्रै सवारी रोक्नेछौं। यात्रा तय गर्नुअघि सवारी साधनको यान्त्रिक अवस्था चेकजाँच गर्ने, क्षमताभन्दा बढी यात्रु नचढाउने र यात्रामा मादकपदार्थ, लागुपदार्थको सेवन नगर्ने, अरुलाई पनि गर्न दिनुहुँदैन। सवारीसाधन सञ्चालन गर्न रोकेको सडकमा जोखिम मोलेर जवरजस्ती सवारीसाधन नचलाउने, सवारीसाधन बाटोमा बिग्रिएर रोकिने अवस्था आएमा यात्रुहरुलाई वैकल्पिक व्यवस्था गराउनुपर्छ। हर्न निषेधित क्षेत्रमा हर्न नबजाउने, लामोदूरीका सवारीसाधनमा प्राथमिक उपचार बक्स राख्ने, यात्रुमैत्री व्यवहार गर्ने, बोल्दा सभ्य भाषाको प्रयोग गर्नुपर्छ। भत्ता वा कमाइको लोभमा लगातार ट्रिप नगर्ने, खानपानमा ध्यान दिने, स्वास्थ्य ठीक भयो भने मात्रै जीवन रहन्छ भन्ने ख्याल गर्नुपर्छ।

अन्त्यमा निजी क्षेत्रले नेपालमा सार्वजनिक यातायात सेवा प्रदान गरिरहेको छ। सार्वजनिक यातायात सेवा भद्रगोल छ,। सार्वजनिक यातायातमा सरकारको लगानी र व्यवस्थापनबिना सुधार सम्भव छैन, जनतालाई गुणस्तरीय सेवा, भरपर्दो सेवा, सुरक्षित सेवा किफायती सेवा विस्तार गर्ने हो भने अन्य देशहरुले झैं सरकारकारको प्रत्यक्ष सहभागिता अनिवार्य छ। भविष्यमा सरकारले लगानी गर्ला यतिबेला सार्वजनिक यातायातलाई यात्रुमैत्री बनाउने, सुरक्षित बनाउने, भरपर्दो बनाउने, विश्वसनीय बनाउने र मर्यादित बनाउन लगानीकर्ता र मजदुरहरुले सरकारको साथ लिएर सकेजति सेवामुखी बनाउन आवश्यक छ। *(लेखक नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठनका केन्द्रीय अध्यक्ष हुनुहुन्छ)*

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# दसैं आयो, उखुको पैसा आएन

**सुशील दर्नाल**

काठमाडौँ, १२ असोज (रासस)।

नेपालीहरुको महान् पर्व दसैं (विजया दशमी) दैलोमै आएको छ। यतिबेला पेसा-व्यवसाय, रोजगारी र अध्ययनका लागि देशविदेशमा छरिएका आफ्नो थातथलो फर्किएका छन्।

दसैंमा जागिर गर्नेले तलब बुझेका छन्। व्यापार व्यवसाय गर्नेले नाफा कमाएका छन्, बोनस पाएका छन्। घरपरिवारमा रमाइलो छ। दसैंका लागि बजार गर्नेको लर्को छ। तर, गोलबजार नगरपालिका-२ सिरहाका उखु किसान रामस्वरुप महतोलाई भने दसैं आएको अनुभूति नै भएको छैन। किन भने दसैं मान्ने पैसा छैन।

उखुखेतीलाई मुख्य आम्दानीको स्रोत बनाउँदै आउनुभएका महतोले गत वर्षकै भुक्तानी पाउनु भएको छैन। गत वर्षको भुक्तानी माग्न जाँदा हिमालय सुगर मिलले आजआज भोलीभोली भन्दै टार्दै आएको छ। मिलले रु एक-डेढ लाख पैसा अहिलेसम्म पनि दिएको छैन्।

उहाँले भन्नुभयो, "दसैं आएको छ, अहिले त दसैं मान्ने पैसा पनि छैन, छोराछोरीलाई नयाँ कपडा किनिदिने उपाय पनि छैन।" विगत लामो समयदेखि उखुखेतीबाट आफ्नो जिविकोपार्जन गर्दै आउनुभएका महतोलाई उखुको भुक्तानी नपाउँदा परिवार पाल्न पनि हम्मेहम्मे परेको छ। उखु किसानले सरकारले अनुदानबापतको रकम दसैं अगाडि नै पाउनु पर्ने माग गरे पनि पूरा हुन सकेन।

मोरङदेखि कञ्चनपुरसम्म १३ जिल्लाका करिब ६०० उखु किसानले भदौमा एक हप्तासम्म (भदौ ८ देखि १५ गतेसम्म) माइतीघरमा आन्दोलन गरेर फर्किएका थिए। सोही क्रममा सरकारले पनि किसान आन्दोलनका क्रममा दसैं अगाडि नै अनुदान रकम प्रदान गरिने प्रतिबद्धता व्यक्त गरेको थियो। तर, उखु किसानको आन्दोलनलगत्तै सुरु भएको जेनसी आन्दोलनपछि सरकार परिवर्तन भयो।

राज्यले किसानलाई प्रोत्साहन गर्ने ठाउँमा पाउनुपर्ने अनुदान पनि कटौती गरेको उहाँको भनाइ छ। उहाँका अनुसार सरकारले समयमा मलखाद, बीउ र सिँचाइ पनि दिन सकेको छैन। सर्लाही हरिवन नगरपालिका वडा नं ११ का शेख स्तिहादले १२ बिघा जमिनमा उखुखेती गर्दै आउनुभएको छ, तर उहाँले उखु मिलबाट पाउनुपर्ने गत वर्षकै भक्तानी पाउनुभएको छैन।

उहाँले भन्नुभयो, "हामीले उखु मिललाई उखु मात्रै सस्तो मुख्यमा दिन्छौं, तर उसले उखुबाट धेरै प्रकार बनाउँछ, धेरै प्रकारको मूल्य मिलले हामीलाई दिँदैन, यसरी पनि किसान मर्कामा परेका छन्।"

सर्लाहीस्थित भङ्गाहा-४ का उखु किसान रामकुमार महतोको पनि उस्तै समस्या छ। एकातिर पर्याप्त मल र सिँचाइ नपाउनु, अर्कोतिर उखुको उचित मूल्य पनि नपाउने, भुक्तानी पनि नपाउने र त्यति मात्रै होइन उखुखेतीलाई मुख्य पेशा बनाउने आम उखु किसानको दसैं, तिहार र छठलगायतका पर्व खल्लो भएको छ। आर्थिक वर्ष २०८१/८२ मा सरकारले तोकेको प्रतिक्विन्टल रु ७० का दरले अनुदान भुक्तानी पाउनुपर्ने उखु किसानको मुख्य माग छ।

उखु उत्पादन महासङ्घ नेपालका अध्यक्ष श्यामबाबु रायले अब दसैँपछि पनि आफ्ना माग पूरा नभएको खण्डमा सङ्घर्षका कार्यक्रम थाल्ने जानकारी दिनुभयो। गत वर्ष सरकारले उखुको मूल्य प्रतिक्विन्टल रु ६५५ तोकेको थियो।

उक्त रकममध्ये उद्योगले रु ५८५ र सरकारले रु ७० अनुदान

*बाँकी अन्तिम पृष्ठमा*

# आन्दोलनकी घाइते लिजाको सरकारलाई सन्देश : ६ महिनामा धेरै गर्न सकिन्छ

नारायण न्यौपाने
काठमाडौं, १२ असोज (रासस)।

भदौ २३ गते बिहान माइतीघरमा आफ्नै उमेर समूहका युवाले भ्रष्टाचारविरुद्ध आन्दोलन छेडेपछि २० वर्षे लिजा अधिकारीलाई ललितपुर बालकुमारीको डेराभित्रै बसिरहन मनले मानेन। सामाजिक सञ्जालमा युवा जम्मा हुँदै गरेको भिडियो हेर्दा उनको मनमा आन्दोलनमा जान उकुसमुकुस भइसकेको थियो। आमालाई अफिसको काम देखाएर उनी आन्दोलनमा मिसिइन्।

आन्दोलन सुरु भएको केही समयमै नयाँबानेश्वरमा जब भीडमाथि आक्रमण भयो, त्यसको सिकार लिजा पनि बनिन्। भ्रष्टाचारविरुद्धको आन्दोलनमा आवाज बुलन्द गरिरहँदा लिजालाई पछाडिबाट प्रहार गरिएको गोलीले बायाँ कुम छेड्यो।

"हामी भ्रष्टाचारविरुद्धको आवाज बुलन्द गर्दै थियौं, जेनजीका माग सरकारलाई सुनाउन चाहन्थ्यौं, हाम्रो शान्तिपूर्ण जुलुसमा आक्रमण भएपछि भीड आक्रोशित भयो", ट्रमा सेन्टरमा उपचाररत लिजाले भनिन्, "हामीले माइकबाट प्रदर्शनकारीलाई बारम्बार ढुङ्गामुढा नगर्न र प्रहरीलाई गोली नहान्न आग्रह गरिरह्यौं, तर कसैले सुनेनन्।"

लिजाका शब्दमा जब जेनजी युवाको आन्दोलन माइतीघरबाट नयाँबानेश्वरस्थित संसद् भवनतर्फ अघि बढ्यो, जुलुस शान्तिपूर्ण थियो। ती युवासँग न कुनै हतियार थियो, न त विशेष माग नै। उनीहरु भ्रष्टाचारविरुद्धको आफ्नो आवाजलाई सरकारलाई सुनाउन मात्रै चाहन्थे। तर जब उनीहरुको आवाजलाई दबाउन प्रहरीले हस्तक्षेप सुरु गर्‍यो, तब भीड आक्रोशित भयो, तितरबितर भयो।

"हामी नयाँ बानेश्वर पुग्दासम्म आन्दोलन शान्तिपूर्ण थियो, तर जब मेरो आँखै अगाडि एक जनाको टाउकोमा गम्भीर चोट लाग्यो र एक जना दाईको हातमा गोली लाग्यो, त्यसले हामीलाई आक्रोशित बनायो", लिजाले घटना सम्झँदै भनिन्, "मलगायतले त्यो दाईलाई निजामती अस्पताल पठायौं, यत्तिकैमा प्रहरीबाट अश्रुग्यास प्रहार भयो, भीड तितरबितर भयो।"

लिजाले डेराबाट निस्कनुअघि आमालाई म पनि आन्दोलनमा जान्छु है भनेकी थिइन्। तर आमाले आन्दोलनमा जानु पर्दैन भनेपछि अफिस जाने बाहना बनाएकी रहिछन्। "आमालाई म आन्दोलनमा मिसिएको थाहा थिएन, जब आन्दोलनमा प्लास्टिकको गोली चल्यो भन्ने सुन्नु भएछ उहाँले फोन गरेर छिटो घर फर्कन भन्नुभयो, आमालाई म ठीक छु छिट्टै आउँछु भन्दै फोन राख्नेबित्तिकै मलाई गोली लाग्यो", उनले भनिन्।

लिजालाई मेटलको गोली लाग्नुअघि नयाँ बानेश्वरमा केही राउण्ड हवाई फायर भइसकेको थियो। जब भीड तोडफोडमा उत्रियो, तब प्रहरीले ताकेरै गोली हान्न थाल्यो। सुरुमा प्लास्टिकको गोली प्रहार भएको भन्ने सुनिए पनि त्यो देखिएन। लिजालाई गोली लाग्नुअघि दुई जना आन्दोलनकारीको मृत्यु भइसकेको थियो।

"हाम्रो उद्देश्य तोडफोड र ढुङ्गामुढा गर्ने थिएन, त्यसैले अडिग भई शान्तिपूर्ण रुपमा धर्नामा बसौं भन्दै आह्वान गरिरहेका थियौं, हामीलाई त गोली चल्छ भन्ने अनुमान गर्नै सकेनौं", उनले भनिन्।

लिजालाई गोली लाग्दा, आसपासका मानिसहरु तितरबितर भइसकेका थिए। दायाँ हातले आफूलाई सम्हाल्दै उनी रक्ताम्य शरीर लिएर संसद् भवनको अगाडि निकै बेर उभिइरहिन्। केही समयपछि एक जनाले आएर झण्डाले हात बाँधिदिए। "दाईले साथ दिएपछि आत्मबल बढ्यो, अर्को दाईले बाइकमा एभरेष्ट अस्पताल पुर्‍याइदिनुभयो", उनले भनिन्।

एभरेष्ट अस्पतालमा ब्याण्डेज गरेपछि चिकित्सकले गोली लागेकाले शल्यक्रिया गर्नुपर्छ भन्दै ट्रमा अस्पताल 'रेफर' गरिदिए। त्यसपछि उनी एम्बुलेन्समा ट्रमा सेन्टर आइपुगिन्।

लिजा अस्पताल आइपुग्दा आन्दोलनमा घाइते भएकाहरुले अस्पतालको भुँइसमेत भरिएको थियो। अस्पतालमा आउनासाथ घाउमा गज खादेर ब्याण्डेज गरियो। त्यतिका धेरै घाइते हुँदा पनि अस्पतालले उपचारमा राम्रो व्यवस्थापन गरेको थियो। "अस्पतालका स्वास्थ्यकर्मीहरु जसरी त्यो दिन घाइतेहरुको उपचारमा खटिनुभयो, म त्यसका लागि हृदयदेखि धन्यवाद दिन चाहन्छु", उनले भनिन्, "त्यो गर्न उहाँहरुका लागि चुनौतीपूर्ण अवस्था थियो, त्यो दिन राति नै मेरो शल्यक्रिया भयो।" आन्दोलनका घाइतेहरुलाई अस्पतालले खाजा, खाना र औषधिको व्यवस्था गरेको छ।

त्यसदिन अस्पतालमा १८१ जना घाइतेलाई ल्याइएको थियो। घाइतेका लागि सुताउने शय्या थिएन। भुइँमै म्याटमाथि उपचार गर्नुपर्ने अवस्था थियो। भीड यति धेरै थियो कि, घाइतेहरु सुतिरहेकै ठाउँबाट मृतकको शरीर उचालेर लैजानुपर्ने अवस्था थियो।

"म सुतिरहेको ठाउँमाथिबाट जब आन्दोलनकारीको शव लगियो, मलाई लाग्यो कि, मेरो पालो पनि यसरी नै त आउने होइन", लिजाले भनिन्, "जब गोली लागेको घाउ बेस्सरी दुख्यो, तब बाँचिन्छ कि मरिन्छ भन्ने होस् नै नहुँदो रहेछ।" लिजाका अनुसार उनको शरीरमा अझ ठूलो शल्यक्रिया भने गर्न बाँकी नै छ। कुमको हड्डी गोलीले पूरै टुक्राएको छ, चिकित्सकले तारले बाँधिदिएका छन्।

लिजालाई अहिले पनि 'मुभमेन्ट' गर्न सकस हुन्छ। अलिकति यताउता चलाउँदा पनि शरीर सहनै नसक्ने गरी दुख्छ। चिकित्सकले पहिले गरेको शल्यक्रिया निको भएपछि दोस्रो गर्नुपर्छ भनेका छन्। अहिले उनले शरीरको दुखाइ कम गर्न पेनकिलरको सहायता लिएकी छन्।

लिजाको अस्पताल बसाइ अझै कति लम्बिने हो भन्ने टुङ्गो छैन। तर उनी सम्मिलित आन्दोलनले ल्याएको परिवर्तन र माग पूरा हुनुपर्छ भन्नेमा लिजा दृढ छिन्। "हामीलाई सडकमा आउन बाध्य बनाएको चरम भ्रष्टाचार, बेथिती र अपारदर्शीताले हो, हामीले आन्दोलनमार्फत उठाएका माग नयाँ सरकारले पूरा गर्छ भन्नेमा विश्वास छ", उनले भनिन्, "निष्पक्ष अनुसन्धान गरी दोषीमाथि कारबाही गरी मुलुकलाई सुशासनको दिशामा अघि नबढाएसम्म हामीले सडकमा दिएको बलिदानले न्याय पाउँदैन।"

लिजा अस्पतालको शय्याबाटै नवगठित सरकारलाई आन्दोलनका दोषीमाथि कारवाही गर्न दबाब दिँदै आएका छन्। लिजालगायतका घाइतेलाई भेट्न प्रधानमन्त्री सुशीला कार्कीसहित मन्त्रीहरु, जेनजी आन्दोलनका प्रतिनिधिहरु आइरहनुहुन्छ।

"हामीले अस्पतालको शय्याबाटै उहाँहरुको जिम्मेवारीलाई स्मरण गराइरहेका छौं, छ महिनाको सरकार भए पनि केही सकारात्मक कामको सुरुआतका लागि यो पर्याप्त समय पनि हो भन्दै आएका छौं, हाम्रो आशा र विश्वासलाई उहाँहरुले मर्न दिनुहुन्न भन्नेमा विश्वास छ", लिजाले भनिन्।

लिजा जेनजीका क्षमतावान् र सक्षम व्यक्तिलाई सरकारमा लैजानुपर्छ भन्छिन्। भ्रष्टाचारसँग जोडिएका र पहिलेदेखि नै चर्चामा रहेका मुद्दाका फाइल खोलेर अनुसन्धानको थालनी हुनुपर्छ भन्ने उनको माग छ। लिजाका शब्दमा देशमा 'गुड लिडर' भए 'गुड फ्युचर' भन्ने पनि थाहा छ।

मोरङ रतुवामाई स्थायी घर भएकी लिजा बालकुमारीमा आमा र भाइसँग बस्दै आएकी छन्। जेठो सन्तानका रुपमा लिजामाथि पढ्दै कमाउँदै गर्ने जिम्मेवारी पनि छ। भाइलाई राम्रो कलेजमा उच्च शिक्षा दिलाउने सपना छ। केही समयअघि ओपन हार्ट सर्जरी गरेकी आमाको हेरचाह पनि उनकै जिम्मेवारीमा छ।

कुसुम कलेजमा बिबिए सातौं समेस्टरमा अध्ययनरत लिजा आन्दोलन हुने दिनभन्दा चार दिनअघि मात्रै जेनजी समूहमा जोडिएकी थिइन्।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०६/०८

विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. १३७ मुसहरु दास कथवनियाको नाममा कायम रहेका साविक प्रगन्ना पकरी मौजे भगवतपुरको सा.कि.नं. ६८७ को ज.वि. ०-९-४ मध्ये बालराम दास कथवनियाको नाममा ७ नं. फाटवारीमा ज.वि. ०-३-० कायम भएको जग्गा २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. भगवतपुर वडा नं.४ हाल महादेवा गा.पा. वडा नं. ५ बस्ने लखिचन्द्र दासको नाती नथुनी दासको छोरा बलराम दास-१, देवराम दास कथवनिया-१ समेत २ को यस कार्यालयमा द.नं. २८६०९ मिति २०८२/०२/१२ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०६/०८ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ६८४ | मुसहरु दास कथवनिया | भगवतपुर | ४ | १३१ | ०-३-० | बलराम दास देवराम दास कथवनिया | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा हामीहरुको भुलबाट दर्ता भएको हुदा हामीहरुको नम्बरी नभै पं. भगवतपुर वाड नं. ४ बस्ने नथुनी दासको नम्बरी हो निजको नाममा दर्ता होस भनी जनिएको। |

भुपेन्द्र राई
प्रमुख मालपोत अधिकृत
प्रमुख मालपोत अधिकृत


## विश्व समाचार

### तमिलनाडुमा अभिनेता विजयको ऱ्यालीमा भागदौडमा ३६ को मृत्यु, ४० घाइते

नयाँदिल्ली, १२ असोज (रासस/एएनआई)।

भारतको तमिलनाडु राज्यमा लोकप्रिय अभिनेता तथा राजनीतिज्ञ विजयको राजनीतिक ऱ्यालीमा भएको भागदौडमा कम्तीमा ३६ जनाको ज्यान गएको छ भने ४० जना घाइते भएका छन्।

मृतकमध्ये आठ जना बालबालिका रहेका छन्। राज्यका स्वास्थ्यमन्त्री एम. सुब्रमण्यमले शनिबार राति यो जानकारी दिनुभएको हो।

करुर जिल्लामा आयोजित विजयको ऱ्यालीमा हजारौं समर्थक सहभागी भएका थिए। भीड निकै बाक्लो हुँदा विजयको बस नजिक पुग्न खोज्ने क्रममा केही समर्थक लड्दा भागदौड सुरु भएको अधिकारीहरूले बताएका छन्। अत्यधिक गर्मीका बीच घण्टौं ढिलो विजय आइपुगेपछि स्थिति झन् तनावग्रस्त बनेको थियो।

स्वास्थ्यमन्त्री सुब्रमण्यमले 'ऱ्यालीमा अनुशासनको कमी थियो' भन्दै घटनाको अनुसन्धानको आदेश दिइएको जानकारी दिनुभयो।

प्रेस ट्रस्ट अफ इन्डियाका अनुसार विजयले आफ्नो अभियान गाडीबाट ऱ्यालीलाई सम्बोधन गर्दा कम्तीमा ३० जना बेहोस भएका थिए। उनीहरूलाई तत्काल एम्बुलेन्समार्फत अस्पताल लगिएको थियो। अवस्था गम्भीर हुँदै गएपछि विजयले भाषण बीचमै रोक्नुभएको थियो तर केही समयपछि फेरि निरन्तरता दिनुभएको थियो। अन्ततः विशाल भीडमा असामान्यता देखिएपछि भाषण पूर्ण रूपमा रोकिएको थियो।

दुर्घटनाको केही घण्टापछि विजयले सामाजिक सञ्जाल 'एक्स' मा दुःख व्यक्त गर्दै लेख्नुभयो, "मेरो हृदय टुक्रिएको छ। म अवर्णनीय पीडा र दुःखमा छु जुन शब्दले व्यक्त गर्न सकिँदैन।"

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पनि घटनालाई 'गहिरो दुःखदायी' भन्दै शोक प्रकट गर्नुभयो। "मेरा विचारहरू ती परिवारहरूसँग छन् जसले आफ्ना प्रिय गुमाएका छन्बस्। म सबै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु," उहाँले सामाजिक सञ्जालमा लेख्नुभयो।

तमिलनाडुमा फिल्म स्टारहरूलाई विशेष सम्मान दिइन्छ र उनीहरूको लोकप्रियता राजनीतिमा समेत प्रभावशाली देखिन्छ। विजयले सन् २०२४ मा अभिनयबाट अवकाश लिएर आफ्नै राजनीतिक पार्टी गठन गर्नुभएको थियो। उहाँले आगामी चुनावमा उम्मेदवारी दिने योजना स्पष्ट नगरे पनि उहाँको राजनीतिक यात्रा सुरु भइसकेको छ।

भारतमा ठूला भीडको कार्यक्रममा भागदौडको घटना नयाँ होइन। सन् २०२५ को जनवरीमा आयोजित महा कुम्भ मेलामा पनि हजारौं श्रद्धालु पवित्र नदीमा नुहाउन हतारिँदा ३० जनाको मृत्यु भएको थियो।

तमिलनाडुमा घटेको यस पछिल्लो दुर्घटनाले फेरि एक पटक भीड व्यवस्थापन र सार्वजनिक सुरक्षाको विषयमा गम्भीर प्रश्न उठाएको छ। हाल घटनाको छानबिन जारी छ।

### चीनद्वारा पाकिस्तानी बाढीपीडितलाई राहत

बेइजिङ, १२ असोज (रासस/सिन्ह्वा)।

चीनियाँ सरकारले पाकिस्तानलाई प्रदान गरेको आपतकालीन बाढी राहत आपूर्तिको पहिलो मात्रा आइतबार मध्य चीनको झेंग्झाउबाट पठाइएको चिनियाँ वायु सेनाले जनाएको छ।

राहतस्वरुप दुईवटा वाई -२० विमानले टेन्ट र कम्बलसहितका अत्यावश्यक सामाग्रीहरु पाकिस्तानको राजधानी इस्लामाबादमा पुर्‍याएको जनाइएको छ।

गत जुन महिना देखि गम्भीर बाढीको सामना गरिरहेको पाकिस्तानमा ठुलो क्षति भएको छ भने कयौं पाकिस्तानीहरु प्रभावित भएका छन्। यस विसम परिस्थितीको समयमा चीनले पाकिस्तानलाई आपतकालीन सहायतामा दुई मिलियन अमेरिकी डलर नगदसमेत प्रदान गरेको जनाइएको छ।

यसै गरी पाकिस्तानको बाढी पछिको पुनर्निर्माणलाई थप सहयोग गर्न, चीनियाँ सरकारले थप १० करोड युआन (लगभग १४ मिलियन अमेरिकी डलर) मूल्यको आपतकालीन बाढी राहत आपूर्ति प्रदान गर्ने निर्णय गरेको छ।

बाँकी आपूर्तिहरू तत्काल तयार भइरहेको तथा आगामी दिनमा क्रमश : पठाइने जनाइएको छ।

# पर्व बिदामा पनि आयोगका कार्यालय खुला रहने

काठमाडौँ, १२ असोज (रासस)।

राष्ट्रिय मानवअधिकार आयोग दसैँ बिदामा पनि बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म खुला रहने भएको छ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले आइतबार जारी गरेको प्रेस विज्ञप्तिमा आयोगको केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुर तथा प्रदेश तथा प्रदेश शाखा कार्यालय दसैँ बिदामा खुला रहने बताउनुभयो।

विज्ञप्तिमा भनिएको छ, "दसैँ, दिपावली तथा छठ पर्वको बिदाका दिनमा पनि खुला रहनेछन्, मानव अधिकारको उल्लङ्घनका घटनाको उजुरी लिन र आकस्मिक प्रकृतिका घटनामा अनुगमन गर्नका लागि राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुर तथा प्रदेश तथा प्रदेश शाखा कार्यालय बिदाका दिनमा खुला रहने व्यवस्था गरिएको हो।"

आयोगले मानव अधिकार उल्लङ्घनका कुनै घटना घटेमा आयोगका नजिकका कार्यालयमा तत्काल जानकारी गराउन आयोग सबैमा अनुरोध गरेको छ।

सार्वजनिक बिदा तथा चाडपर्वका समयमा सर्वसाधारणको आवतजावतमा कठिनाइ उत्पन्न हुने, अपराधका घटनामा वृद्धि हुने, महँगी तथा कालोबजारी बढ्ने, सार्वजनिक सेवा प्रवाह र सहज आपूर्तिमा अवरोध सिर्जना गर्न आयोगले भनेको छ।

चन्- "चाडपर्वको समयमा सेवाप्रवाहलाई चुस्तदुरुस्त बनाउन र शान्तिसुरक्षाको अवस्थालाई मजबुत बनाउन आयोग सरकारलाई निर्देशन गर्दछ", आयोगले भनेको छ, "साथै, सेवा प्रवाहलाई चुस्त बनाउने र शान्ति सुरक्षालाई मजबुत बनाउने सरकारको कार्यमा सहयोग गर्न आयोग सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ।"

# नेपाल प्रहरीले उच्च मनोबलका साथ काम गर्नुपर्नेमा गृहसचिव दङ्गालको जोड

काठमाडौँ, १२ असोज (रासस)।

गृहसचिव रामेश्वर दङ्गालले मुलुकमा देखापर्ने जस्तोसुकै जटिल परिस्थितिको सामना गर्न विचलित नभई नेपाल प्रहरीले अझै उच्च मनोबलका साथ काम गर्नुपर्नेमा जोड दिनुभएको छ।

आइतबार प्रहरी प्रधान कार्यालय नक्सालको निरीक्षण गर्दै उहाँले प्रहरी कर्मचारीलाई निर्देशनसमेत दिनुभयो। उहाँलाई प्रहरी महानिरीक्षक चन्द्र कुबेर खापुङ, प्रहरी अतिरिक्त महानिरीक्षकहरू, प्रहरी नायब महानिरीक्षकलगायत वरिष्ठ प्रहरी अधिकृतले हार्दिक स्वागत गर्नुभएको थियो।

गृहसचिव दङ्गालले गत भदौ २३ र २४ गते भएको आन्दोलनका क्रममा क्षति भएका प्रहरीका संरचना तथा विस्थापित भएका प्रहरीलाई पुनःस्थापित गर्ने कार्यमा आमनागरिक समुदायबाट स्वःस्फूर्त रूपमा भएका सहयोग सराहनीय रहेको बताउनुभयो।

यसले नेपाल प्रहरीप्रति जनताको आशा एवं भरोसा उजागर गरेको उल्लेख गर्दै उहाँले प्रहरीले समाजमा शान्तिसुरक्षा कायम गर्न अझ व्यावसायिक भई नागरिक सेवामा कटिबद्ध हुनुपर्ने बताउनुभयो।

साथै नजिकिँदै गरेको चाडपर्वका समयमा शान्तिसुरक्षा कायम गर्न विशेष सुरक्षा योजना एवं रणनीति तयार गरी प्रहरी परिचालन गर्नुका साथै आसन्न निर्वाचनलाई लक्षित गरी आन्तरिक सुरक्षा कायम गर्न उहाँले निर्देशन दिनुभयो।

महानिरीक्षक खापुङले देशको संविधान र ऐन कानुनले तोकेको अधिकार क्षेत्र, मानव अधिकारका राष्ट्रिय तथा अन्तरराष्ट्रिय मापदण्डसमेतले निर्दिष्ट गरेको परिधिभित्र रहँदै नेपाल प्रहरी नागरिक सेवा र सुरक्षामा सदैव निष्ठापूर्वक समर्पित रहँदै आएको बताउनुभयो।

# काम नगरी अलपत्र परेका सडकका २३४ ठेक्का तोडिँदै

काठमाडौँ, ११ असोज (रासस)।

सम्झौता गरेर वर्षौंसम्म निर्माण नगरिएका २३४ सडक र पुलका तोडिने भएका छन्। सडक विभागअन्तर्गत सङ्घीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय मातहतका सडक डिभिजन कार्यालय, हुलाकी राजमार्ग र मध्यपहाडी लोकमार्गका रुग्ण अवस्थामा रहेका ठेक्का तोड्न लागिएको हो।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले शनिबार सम्बद्ध अधिकारीसँग छलफलपछि सङ्घीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय दमकअन्तर्गत ३८, काठमाडौँका ७५, पोखरा ३९, सुर्खेत ४९, हुलाकी १६ र मध्यपाडी लोकमार्गका १७ वटा ठेक्का रुग्ण छन्। आयोजनाका तर्फबाट गर्नुपर्ने काम नगरी ठेक्कालाई रुग्ण बनाउन संलग्न तत्कालीन एवं हालका जिम्मेवार कर्मचारीलाई पनि छानबिन गर्न समिति बनाइने जनाइएको छ।

मन्त्री घिसिङले भौतिक पूर्वाधार मन्त्रालयका सचिव तथा सहसचिवहरू, सडक विभागका महानिर्देशक, सङ्घीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालयका प्रमुखहरू, आयोजना प्रमुखलगायतसँग छलफल गरी ठेक्का लिने तर काम नगर्ने प्रवृत्तिको अन्त्यका लागि रुग्ण ठेक्का तोड्नुको विकल्प नरहेको बताउनुभयो।

ठेक्का तोडिएमा कम रकम कबोल गरी ठेक्का सम्झौता गरी परिचालन पेश्की लिएर उक्त रकम अन्यत्रै लगानी गर्ने तर काम नगर्ने प्रवृत्तिको समेत अन्त्य हुने उहाँले उल्लेख गर्नुभयो।

सुरु निर्माण अवधिको तुलनामा सय प्रतिशतभन्दा बढी समय म्याद थप भइसक्दासमेत ५० प्रतिशतभन्दा कम प्रगति रहेको र दुई करोडभन्दा बढी सम्झौता भएको ठेक्कालाई रुग्ण ठेक्का मानिएको छ। यस्तै, २०० प्रतिशतभन्दा बढी समय म्याद थप भइसक्दासमेत निर्माण प्रगति ८० प्रतिशतभन्दा कम भएका रु दुई करोडभन्दा बढी सम्झौता अङ्क भएका, ४०० प्रतिशतभन्दा बढी समय म्याद थप भइसक्दासमेत निर्माण प्रगति ९५ प्रतिशतभन्दा कम रहेका रु दुई करोडभन्दा बढी सम्झौता अङ्क भएका ठेक्कालाई रुग्ण मानिएको छ।

मन्त्री घिसिङले मन्त्रालय र मातहतका कार्यालयले गर्ने कुनै पनि कार्यमा अनियमितता, ढिलासुस्ती, घुस माग्ने, सेवाग्राहीलाई अनेक बहानामा दुःख दिने प्रवृत्ति देखिए संलग्नमाथि तत्कालै कारबाही गर्ने उल्लेख गर्नुभयो। उहाँले आफ्नो नाम बेचेर कसैले अनावश्यक दुःख दिएमा तत्कालै जानकारी गराउनसमेत कर्मचारीलाई निर्देशन दिनुभयो।

### दसैं आयो,...

किसानलाई दिनुपर्नेछ। तर, सरकारले रु ७० अनुदान दिएको छैन। सरकारले रु ७० अनुदानलाई कटौती गरेर प्रतिक्विन्टल रु ३५ का दरले किसानलाई अनुदान उपलब्ध गराउने भएपछि उखु किसान आन्दोलनमा होमिएका थिए।

उखु उत्पादन महासङ्घ नेपालले सरकारले रु ७० का दरले हुन आउने रु एक अर्ब ६० करोड बराबरको अनुदान निकासा गर्नुपर्ने माग गर्दै आएको छ। तर, सरकारले भने रु ७५ करोड ४९ लाख ३८ हजार २४० निकासा गरेको छ। उखु किसानले उखु किसानको अनुदान कटौती गर्न नहुने र किसानसँग भएका सम्झौता लागू गर्नुपर्ने पनि माग गरेका छन्।

गत मङ्सिरमा पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले अघिल्ला वर्षभन्दा प्रतिकिलो रु २० बढाएर उखुको समर्थन मूल्य प्रतिक्विन्टल रु ५८५ निर्धारण गरेको थियो। जुन मूल्य उखु मिलले किसानलाई उपलब्ध गराउने मूल्य हो। तर, केपी शर्मा ओली नेतृत्वको सरकारले असार रु २३ मा उखु किसानलाई दिइँदै आएको प्रतिक्विन्टल रु ७० अनुदान आधा घटाएर रु ३५ बनाएको हो।

अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी केन्द्र) का महासचिव नरेन्द्र खड्काले नेपाल उखु किसान हरेक सिजनमा उद्योगी र सरकारी निकायबाट अन्यायमा पर्दै आएको जनाउँदै वर्तमान सरकारले उनीहरुको समस्या समाधानका निम्ति पहल गर्नुपर्नेमा जोड दिनुभयो। विसं २०७६ देखि उखु किसानले विभिन्न माग राख्दै पटकपटक आन्दोलनका कार्यक्रम गर्दै आएका छन्।

विसं २०७७ मा पनि उनीहरुले माइतीघरमा १६ दिनसम्म निरन्तर आन्दोलन गरेका थिए। चिनी मिलले किसानको रु २९ करोड भुक्तानी गर्नुपर्ने माग गर्दै २०७८ साउनमा पनि आन्दोलन भएको थियो। मुलुकभर ८९ हजार ९१८ हेक्टरमा उखुखेती हुन्छ। सर्लाही, मोरङ, सिरहा, धनुषा, महोत्तरी, रौतहट, बारा, पर्सा, नवलपरासी, कैलाली, कञ्चनपुरलगायत जिल्लामा लाखौं किसान उखुखेतीमा जोडिएका छन्। सरकारी नीतिका कारण पछिल्लो पाँच वर्षमा उखुखेती घट्दै गएको छ।

आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार २०७७/७८ मा ६४ हजार ३५४ हेक्टरमा उखुखेती गरिएको थियो। त्यसबाट ३१ लाख ८३ हजार ९४३ टन उखु उत्पादन भएको थियो। आव २०८१/८२ मा ५७ हजार ३५५ हेक्टरमा मात्रै उखुखेती भयो। त्यसबाट २८ लाख ८३ हजार ६०३ टन उखु उत्पादन भयो।

पछिल्ला पाँच वर्षमा उखु उत्पादनमा छ हजार ९९९ हेक्टरले कमी आएको छ। नेपालमा वार्षिक दुई लाख ८५ हजार मेट्रिकटन चिनीको माग छ। तर, मागअनुसार उत्पादन हुन सकेको छैन। नवलपरासीका उखु किसान सागर विष्टले सरकारले उखु किसानसँग पटकपटक गरेका सम्झौता कार्यान्वयन गर्नुपर्ने माग गर्नुभयो। यसरी नै सरकारले उखु किसानका समस्याप्रति बेवास्ता गर्ने हो भने किसान विस्थापित हुनुपर्ने अवस्था आउने उहाँको भनाइ छ।

# मधेस प्रदेशमा दसैंलक्षित विशेष सुरक्षा योजना लागू

धनुषा, ११ असोज (रासस)।

मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामले आठ जिल्लामा विशेष सुरक्षा योजना लागू गरिएको जनाएको छ।

बडादसैं, तिहार र छठजस्ता चाडपर्व नजिकिँदै गर्दा सुरक्षा चुनौती आकलन गर्दै छ हजार ५३२ जना प्रहरी परिचालन गरिएको जनाइएको छ।

प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) कमल थापाले 'जेनजी' प्रदर्शनपछि उत्पन्न अवस्था र नागरिकमा रहेका भय चिर्न विशेष सुरक्षा योजना तयार पारिएको बताउनुभयो।

विशेष सुरक्षा योजना असोज ६ गतेदेखि लागू भई छठ पर्वसम्म रहने छ। यसअनुसार प्रदेशभर ४८ वटा 'क्विक रेस्पोन्स' टोली (क्यूआरटी), १९ वटा 'स्ट्राइकिङ फोर्स', ११६ स्थानमा ट्राफिकसहित जाँच, १२६ वटा मोबाइल गस्ती, २१२ वटा पैदल गस्ती, ३२५ वटा 'पिकेट' गस्ती र २६ स्थानमा राजमार्ग 'स्कर्टिङ' सञ्चालन गरिएको छ।

यसैगरी ८६ वटा टोली धार्मिक तथा पर्यटकीयस्थलको सुरक्षा, १०३ स्थानमा बैङ्क र वित्तीय संस्थाको सुरक्षा र १४ स्थानमा बजार अनुगमनका लागि खटाइने प्रदेश प्रहरी कार्यालयले जनाएको छ। प्रदेशका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरी जिल्लामा करिब आठ सय प्रहरी अझै थपिने जनाइएको छ।

प्रदेश प्रहरी प्रमुख, प्रहरी नायब महानिरीक्षक (डिआइजी) उमाप्रसाद चतुर्वेदीका अनुसार बैङ्क, वित्तीय संस्था र सुनचाँदी पसलजस्ता उच्च आर्थिक कारोबार हुने स्थानमा चोरी, लुटपाट र पाकेटमार नियन्त्रणका लागि विशेष टोली परिचालन गरिएको छ। उहाँले दसैंमा हरेक क्षेत्र र ठाउँमा पर्याप्त सङ्ख्यामा प्रहरी खटाइएकाले ढुक्क भएर पर्व मनाउन आग्रह गर्नुभएको छ।

# स्रोत नखुलेको सात लाख ५० हजारसहित एक जना पक्राउ

**दैनिक समाचारदाता**

**सिरहा, ११ असोज।**

सशस्त्र प्रहरी बलले सिरहाको भगवानपुर गाउँपालिकाबाट स्रोत नखुलेको रु सात लाख ५० हजारसहित एक जनालाई पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा खटिएको सशस्त्र प्रहरी टोलीले भगवानपुर गाउँपालिका-४ जमुवाटोलका ४५ वर्षीय ओमप्रकाश साहलाई गरेको हो।

सशस्त्र प्रहरी बलका प्रहरी उपरीक्षक नरेश भण्डारीका अनुसार साह लौकाहाबाट भगवानपुर चोकतर्फ पैदल जाँदै गर्दा शङ्का लागेर निजलाई जाँच गरिएको थियो। सो क्रममा निजको साथबाट उक्त नगद रकम फेला परेको हो। रकमको स्रोतबारे सोधपुछ गर्दा कुनै वैध प्रमाण प्रस्तुत गर्न नसकेपछि साहलाई पक्राउ गरिएको उनले बताए।

सशस्त्र प्रहरीले यो रकम अवैध हुण्डी कारोबारमार्फत आएको हुनसक्ने आशङ्का गरेको छ। सीमावर्ती क्षेत्रमा हुने यस्ता अवैध वित्तीय कारोबार रोक्न सशस्त्र प्रहरी बलले निगरानी र सक्रियता बढाएको प्रहरी उपरीक्षक भण्डारीले उल्लेख गरे।

पक्राउ परेका साहलाई बरामद रकमसहित थप अनुसन्धान तथा कानुनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय सिरहामा बुझाइएको उनले जानकारी दिए।




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*